# “जीवनको मोल” कथामा शक्तिसम्बन्ध

**उपप्राध्यापक, डा.नरेन्द्रप्रसाद कोइराला,** Email : koiralanarendraprasad@gmail.com
(जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ)

**ARTICLE INFO**

*Received : 27 Jul. 2025*
*Revised : 20 Aug. 2025*
*Accepted : 09 Oct. 2025*

***लेखसार***

*प्रस्तुत अध्ययन ‘जीवनको मोल’ कथाका पात्रहरूको बिचमा रहेको वर्गीय शक्तिसम्बन्धमा आधारित छ । शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनअन्तर्गतको विशिष्ट प्रकारको विश्लेषण पद्धति हो । पाठमा पात्रहरूको के कस्तो उपस्थिति रहेको छ र तिनको जीवनमा उच्च वर्गको एकलौटी शक्तिको प्रयोगले के कस्तो समस्या सिर्जना गरेको छ भन्ने कुराको अध्ययन शक्तिसम्बन्धमा गरिन्छ । पाठमा प्रयोग भएका पात्रहरूका बिचमा देखिने वर्गीय सम्बन्ध, वर्गीय चेतना, वर्गीय हित अनि वर्गीय दमन र शोषणको अध्ययनबाट वर्गीय शक्तिसम्बन्धको निष्कर्षमा पुग्न सकिन्छ । प्रस्तुत लेखमा कृष्णप्रसाद चापागाईंद्वारा लिखित ‘जीवनको मोल’ कथामा प्रभुत्वशाली केन्द्रीय संस्कृतिको सामन्त वर्गले जीवनका अन्य सबै क्षेत्रलगायत न्यायिक क्षेत्रमा समेत आफ्नो एकलौटी वर्चस्व कायम गरी परिधिमा रहेको निम्न वर्गमाथि पुस्तौँपुस्तासम्म दमन र शोषण गरेर ज्यानै लिनेसम्मको अमानवीय कार्य गर्छ भन्ने निष्कर्ष निकालिएको छ । यसप्रकारको निष्कर्ष प्राप्त गर्नका लागि शीर्षकको प्रकृतिअनुरूपको पाठविश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा प्राप्त तथ्यहरूको विश्लेषण गर्दा शत्रुतापूर्ण वर्गीय सम्बन्धको अवस्था पाइएको छ भने वर्गीय चेतनाको विश्लेषण गर्दा सामन्त वर्गमा स्पष्ट भए पनि निम्न वर्गमा कमजोर देखिन्छ । श्रमिक वर्गमा वर्गीय चेतना कमजोर भएकै कारण उक्त वर्गको हित हुन सकेको छैन । त्यसैले निम्न वर्ग दमन शोषणमा परी कारुणिक मृत्युसम्म सहन विवश भएको देखिन्छ । यी विविध पक्षहरूको अध्ययन तथा विश्लेषणका लागि मुख्य रूपमा ग्राम्सीको प्रभुत्व सम्बन्धी अवधारणा र फुकोको ज्ञान, शक्ति र सत्य सम्बन्धी मान्यता अनि सहायक रूपमा अन्य लेखकहरूका विचारको सहयोग लिइएको छ । यस प्रकारको अत्यन्त कारुणिक परिणतिको कारण २००८ साल आसपासको समाज तथा तत्कालीन सामन्तवादी व्यवस्थाका सापेक्षतामा निर्मित र विकसित विमर्शात्मक संरचना भएको असन्तुलित शक्तिसम्बन्ध हो भन्ने अन्तिम निष्कर्ष प्रस्तुत गरिएको छ ।*

***शब्दकुञ्जीः*** *प्रभुत्व, वर्गीय चेतना, वर्गीय हित, वर्चस्व, विमर्शात्मक संरचना, शक्तिसम्बन्ध*

## परिचय

कृष्णप्रसाद चापागाईँ (१९७३-२०३५) आधुनिक नेपाली कथाका क्षेत्रमा सामाजिक यथार्थवादी धाराका कथाकार हुन् । उनले नेपाली समाजमा भएका सामाजिक वर्गहरूका बिचको शक्तिसम्बन्धलाई आफ्ना कथाको विषय बनाएर यथार्थपरक र मार्मिक प्रस्तुतिहरू दिएका छन् । उनका **टुक्राटाक्री** (२००८) र **रसभरि चमचम** (२००८) कथासङ्ग्रहहरू अनि **मिसमास** (२०३६) (आठओटा कथा र निबन्ध तथा एकाङ्कीको साझा सङ्ग्रह) प्रकाशित छन् । उनका कथाहरूमा केन्द्रित भएर विभिन्न तहमा अनुसन्धानका कार्य र समालोचनाहरू भएका छन् तर हालसम्म शक्तिसम्बन्धमा केन्द्रित भएर कुनै पनि अध्ययन भएको पाइँदैन । ‘जीवनको मोल’ कथा **टुक्राटाक्री**

कथासङ्ग्रहमा समावेश गरिएको छ। कथाकार चापागाईंले यस कथामा २००८ साल आसपासको नेपालको सामाजिक अवस्थालाई समेटेका छन्। उनले सामन्तवादी व्यवस्थाभित्र स्थानीय र केन्द्रीय दुबै सत्ता तथा उत्पादनका साधनमाथि सामन्त वर्गले वर्चस्व कायम गरी निम्न वर्गको जीवनलाई पुस्तौंपुस्तासम्म कज्याएको अवस्थालाई दर्शाएर उच्च वर्ग निम्न वर्गको बिचको शक्तिसम्बन्धलाई प्रमुख विषय बनाएका छन्। त्यसकारण यो कथा नेपाली कथाका पाठकहरूबिच लोकप्रिय भएको छ। शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनको एउटा विशिष्ट पद्धति हो। यो सन्तुलित र असन्तुलित हुन्छ। सन्तुलित शक्तिसम्बन्धले सामाजिक व्यवहारमा समानता कायम गरी मानवीय उन्नति र प्रगतिमा सहयोग पुऱ्याउँछ भने असन्तुलित शक्तिसम्बन्धले गरिबी, अन्याय, अशिक्षा, हत्या आदि विकास विरोधी पक्षलाई मलजल पुऱ्याउँछ। समाजका उच्च र निम्न वर्गका बिचको व्यवहार तथा विमर्शात्मक संरचनाका माध्यमबाट वर्गीय शक्तिसम्बन्ध अभिव्यक्त भएको हुन्छ। तत्कालीन सामन्तवादी व्यवस्थाको संरक्षकका रूपमा निर्मित तथा विकसित र स्थापित गरिएको विमर्शात्मक संरचनाका माध्यमबाट अभिव्यक्त घटना वा विचारहरूको गठजोडबाट यस कथाको शक्तिसम्बन्ध अभिव्यक्त भएको छ। आजभन्दा लगभग ७५ वर्षअगाडि सिर्जना गरिएको यस कथाको सामन्तवादी विमर्शात्मक संरचनाभन्दा आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्म विमर्शात्म संरचनामा आधारभूत तहमै परिवर्तनहरू आएका छन्। यसो हुँदाहुँदै पनि यस कथामा व्यक्त भएको तत्कालीन ऐतिहासिक यथार्थभित्र रहेको शक्तिसम्बन्धको विश्लेषण आज पनि महत्त्वपूर्ण नै रहेको छ। त्यसकारण यस अध्ययनमा शक्तिसम्बन्धको सिद्धान्तका आधारमा 'जीवनको मोल' कथाको समाजमा देखिने विषम प्रकारको शक्तिसम्बधको विश्लेषण गरिएको छ। यस क्रममा विश्लेषित कथाबाट प्राप्त भएका तथ्यहरूको विश्लेषणका लागि मूलरूपमा ग्राम्सी र फुकोका दृष्टिकोणभित्र रहेका प्रभुत्व, ज्ञान, सत्य र शक्तिका सिद्धान्तहरू अनि सहायक रूपमा अन्य लेखकहरूका दृष्टिकोणको सहयोग लिइएको छ।

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य 'जीवनको मोल' कथाभित्र देखिने सामन्त र श्रमिक वर्गका बिचको शक्तिसम्बन्धको विश्लेषण गरी निष्कर्षमा पुग्नु रहेको छ। यस क्रममा 'जीवनको मोल' कथाका विपरीत वर्गीय पात्रहरूका बिचको वर्गीय सम्बन्ध, उनीहरूमा रहेको वर्गीय चेतना र हित अनि विभेद, दमन र शोषणको विश्लेषण गरिएको छ। यिनै चारओटा प्रमुख प्रश्नहरूको समाधान खोजी 'जीवनको मोल' कथाभित्र रहेको शक्तिसम्बन्धको विश्लेषण गरेर निष्कर्षसम्म पुग्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ।

**अध्ययनको विधि र विश्लेषणको ढाँचा**

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित अनुसन्धान भएको हुनाले यो निगमनात्मक र विश्लेषणात्मक विधिमा आधारित छ। यस कार्यमा पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री सङ्कलन गरी तिनको विश्लेषणका लागि निश्चित सैद्धान्तिक आधारको उपयोग गरिएको छ। वर्गीय शक्तिसम्बन्धको विश्लेष गर्दा वर्गीय सम्बन्ध, वर्गीय चेतना र वर्गीय हित अनि वर्गीय विभेद, दमन र शोषणलाई आधार बनाइको छ। उपर्युक्त आधारहरूमा केन्द्रित रही विश्लेषण गर्ने क्रममा उत्पादनका साधनमाथिको वर्चस्व, सत्तासम्बन्ध, सामाजिक न्याय, ज्ञान, शक्ति र सत्य अनि विमर्शात्मक संरचनामा ध्यान दिई निष्कर्षको निर्माण गरिएको छ।

**कथा विश्लेषणको सैद्धान्तिक आधार**

शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनअन्तर्गत साहित्यिक कृतिको अध्ययन, विश्लेषण गर्ने एउटा विशेष प्रकारको पद्धति हो । यस पद्धतिअन्तर्गत समाजमा रहेका खास खास वर्ग वा समुदायका बिचमा रहेको वर्गीय सम्बन्ध, वर्गीय चेतना, वर्गीय हित तथा वर्गीय विभेद, दमन र शोषणको विश्लेषण गरिन्छ। विपरीतधर्मी स्वार्थ भएका वर्गहरूका बिचको सम्बन्ध मित्रतापूर्ण र शत्रुतापूर्ण हुन्छ। मित्रतापूर्ण सम्बन्धले सामाजिक एकता र मित्रता बढाउँछ भने शत्रुतापूर्ण सम्बन्धले समाजलाई असहज अवस्थामा पुऱ्याउँछ। समाजमा मानिसहरू लिङ्ग, जात, धर्म, आर्थिक अवस्था, पेसा, शिक्षा, शासक, शासित आदि विभिन्न सामाजिक वर्गमा विभाजित भएर रहेका हुन्छन् । त्यसकारण यी वर्गहरू आआफ्नो वर्गीय स्वार्थका कारण एकआपसमा एकता, अन्तरसंघर्ष र रूपान्तरणको चक्रमा निरन्तर क्रियाशील रहेका हुन्छन् । "साहित्यमा वर्गीय शक्तिसम्बन्धको अध्ययन गर्दा समाजमा उच्चवर्गद्वारा निम्नवर्ग के, कुन, कति, कसरी र कस्तो अवस्थामा सधैँ शोषित, दमित, निमुखो र उत्पीडित बनाइन्छ भन्ने कुराको विश्लेषण गरिन्छ" (कोइराला,२०८१, पृ.६४) । साहित्य समाजको प्रतिबिम्बकै रूपमा उत्पादित हुने हुनाले सामाजिक वर्गहरूका बिचको घातप्रतिघातले साहित्यिक सिर्जना ढाकिन पुग्छ। वर्गहरू मानिसका त्यस्ता समूह हुन्, जसमा सामाजिक अर्थतन्त्रको निश्चित व्यवस्थामा तिनले ओगटेका फरक फरक स्थानले गर्दा एउटाले अर्कोको श्रमको अपहरण गर्न सक्छ (लेनिन, सन्.१९८५, पृ.४४१) । लेनिनका विचारमा भिन्न वा विपरीत स्वार्थ भएका वर्गहरू सौर्यमण्डलमा भएका ग्रहहरू जस्तै सधैँ दबाब र नियन्त्रणमा रहेका हुन्छन् । त्यसमा पनि प्राय उच्च वा शासक वर्गको दमनको पदचापभित्र निम्न वा शासित वर्गले समस्याग्रस्त जीवन भोगिरहेको हुन्छ। राज्यव्यवस्थाको स्वरूपले शक्तिमाथिको वर्चस्वलाई निर्धारण गर्ने हुनाले सामन्तवादी र पुँजी शासन व्यवस्थाभित्र शासक वर्गले उत्पीडक चरित्र निर्वाह गर्छ भने शासित वर्ग सधैँ दमन र शोषणमा जीवन गुजार्न वाध्य भएको हुन्छ।

राज्यले आफूअनुकुल विधिको निर्माण र परिचालनका लागि आवश्यक वातावरणको तर्जुमा गर्न व्यक्तिदेखि नै एउटा श्रृङ्खला निर्माण गरी त्यसमा समाजका सबै क्षेत्रलाई जोड्दै बलियो आधार बनाउँछ। यसले सत्ताको स्थायित्वका लागि सधैँ बल पुऱ्याउँछ। राज्यले व्यक्तिगत सम्पत्ति र शासक वर्गको रक्षा गर्छ। राज्यद्वारा बनाइएका कानुन त्यो वर्गको इच्छाअनुसार चल्छ, जुन वर्गका हातमा आर्थिक र राजनीतिक सत्ता हुन्छ (अग्रवाल, सन्. १९६७, पृ.२०३) । राज्यसत्ताका बलमा आर्थिक तथा वैधानिक सत्तामाथि वर्चस्व जमाएर शासक वर्गले आफूलाई सधैँ सुरक्षित गरिरहन्छ। त्यसका लागि राजनीतिक र सामाजिक दुवै समाजका क्षेत्रमा राज्यको उपस्थितिलाई बलियो बनाउने कार्यमा शासक वर्गले ध्यान पुऱ्याउँछ। राजनीतिक समाजमा सेना, पुलिस र प्रशासनका बलले शासक वर्गले शासित वर्गमाथि दमन तथा नियन्त्रण गरेको हुन्छ भने नागरिक समाजमा विचारधाराका माध्यमबाट शासित वर्गमाथि नियन्त्रण गरिएको हुन्छ (शर्मा, २०७२, पृ.४१) । राज्यले एकातर्फ बलको प्रयोगलाई निरन्तरता दिएको हुन्छ भने अर्कातर्फ उक्त बलकै दबाबमा निर्माण गरेको शासकवर्गीय विचारधारा वा विमर्शात्मक संरचनाको विस्तार गरी शासित वर्गलाई त्यसैमा जोडेर सहमत हुन विवश तुल्याउँछ। यसरी शासकवर्गीय विचारधारा नै समाज/राज्यमा स्थापित शक्ति बन्छ, जसलाई शासित वर्गले नजानेर वा नबुझेर आफ्नो विचारधाराकै रूपमा स्वीकार्छ वा स्वीकार्न बाध्य हुन्छ। त्यसकारण शासकवर्गीय वा केन्द्रीय संस्कृतिको विमर्शात्मक संरचना समाजमा क्रियाशील हुँदा उदीयमान वर्गको संस्कृतिले प्रतिरोधका माध्यमबाट आफ्ना अभिव्यक्तिलाई प्रस्तुत गर्ने हुनाले वर्गद्वन्द्वले निरन्तरता पाउँछ।

सामाजिक वर्गहरू सचेत हुनसक्दासम्म आआफ्नो वर्गको हितमा केन्द्रित विचारधाराबाट निर्देशित हुन्छन् तर वर्गचेतना कमजोर भएका अवस्थामा भने शासकवर्गकै हितमा शासितवर्ग पनि जोडिन पुग्छन् । वर्गचेतनामा सामूहिक स्वार्थको पूर्ति हुने हुनाले यसकै आधारमा वर्गका सदस्यहरू समान स्वार्थका लागि सङ्गठित हुन्छन् (तोमर, सन्. १९७३, पृ.२१२) । वर्गचेतनाले नै वर्गविभाजन गर्छ भने समान वर्गका मानिसहरूलाई एक ठाउँमा समान स्वार्थका लागि जोड्ने अनि विपरीतवर्गीय स्वार्थ, चेतना र समुदायबाट अलग गर्ने कार्य पनि गरेको हुन्छ । आफ्नो वर्गको एकत्व मात्र नभई पुँजीवाद विरुद्धको वर्गसङ्घर्षको चेतनाका दृष्टिले आर्थिक, राजनीतिक र विचारधारात्मक रूपमा प्रबल पार्ने सञ्चेतनाका रूपमा वर्गचेतना रहेको छ (भट्टराई, २०७७, पृ.९५) । यसरी वर्गचेतनाकै आधारमा समवर्गीय समुदाय सङ्घर्षमा उत्रिने र आर्थिक, राजनीतिक तथा विचारधारात्मक एकताको सूत्रमा आवद्ध हुने परिस्थितिको समेत निर्माण हुन्छ । वर्गचेतनाकै कारण वर्गहितको बोध हुन्छ । वर्गहितको कारणले समाजमा विभिन्न वर्गहरूका बिच अन्तरविरोधहरू पैदा हुन्छन् ।

शासक वर्गले सधैँ आफ्नो वर्गको सुरक्षा र विस्तारका लागि सत्तालाई प्रयोग गरी शासितहरूमाथि दमन र शोषण गरिरहेको हुन्छ । यसरी शासक वर्गले राज्यका सबै निकायलाई आफ्नो हितमा प्रयोग गरेर आफ्नो प्रभुत्वको विस्तार गरिरहेको हुन्छ । प्रभुत्व भनेको भौतिक र विचारधारात्मक उपकरणहरूको गठजोड हो जसका माध्यमबाट प्रभुत्वशाली वर्गले आफ्नो शक्ति कायम गरेको हुन्छ (पाण्डेय, २०७३, पृ.१७९) । राज्यले प्रभुत्वको विस्तारका लागि राज्यका संयन्त्र, निकाय र समाजका सबै अङ्गलाई भौतिक र वैचारिक दुबै क्षेत्रबाट आफ्नो हितमा प्रयोग गरेको हुन्छ । ग्राम्ची शासक वर्गले आफ्ना स्वार्थपूर्तिका लागि दमन शोषण गर्दा सबाल्टर्न वर्गको निर्माण हुन्छ भन्दै उनीहरूमाथि राज्यले सधैँ शक्ति र सहमतिको प्रयोगका माध्यमबाट नियन्त्रण कायम राख्छ भन्ने विचार अघि सार्छन् । प्रभावशाली समूहको नयाँ पार्टीले सहमतीय माध्यमबाट सबाल्टर्नहरूलाई नियन्त्रणमा राख्छ (ग्राम्ची, सन् २०१०, पृ.५२) । ग्राम्चीको यस भनाइमा प्रभुत्वशाली वर्गले दमनका लागि सहमतिको बाटो पनि अवलम्बन गर्छ भन्ने तथ्यलाई स्पष्ट पारेको छ । शासकवर्गले आफूअनुकुलको विचारधाराको निर्माण गरी त्यसलाई बल र सहमतिका माध्यमबाट विमर्शात्मक संरचनाको स्वरूप दिएर समाजमा लिखित वा अलिखित विधानका रूपमा लागु गर्छ । यसरी विमर्शात्मक संरचना सम्झौताकै रूपमा ज्ञान तथा कथित सत्य बनेर समाजमा क्रियाशील हुनपुग्छ । "ज्ञान तथा सत्यहरू केही होइनन् शक्तिका विविध रूप हुन् । शक्ति भौतिक हो, यसैले ज्ञान भौतिक हो, बुद्धि भौतिक हो ।" ( उद्धृत गौतम, २०७१, पृ.११४) । यसले ज्ञान र सत्य भनेको पनि निरपेक्ष नभएर सत्ताका सापेक्ष विचारधारा हुन् भन्ने पुष्टि हुन्छ । शक्तिले सत्यको निर्माण गर्छ अनि उक्त सत्यसम्बन्धी ज्ञान नै शक्ति बन्छ । सत्य शक्तिशालीको हैकमबाट निर्मित हुने भएपछि यसलाई अधीनस्थ वर्गको मुक्तिको आधार मान्न सकिँदैन । यसर्थ सबै ज्ञानलाई मुक्तिको आधार मान्न सकिन्न (श्रेष्ठ, २०६८, पृ.३२) । यसरी ज्ञान र सत्य पनि वर्गसँग जोडिन आउँछन् । कुन वर्गको ज्ञान वा कुन वर्गको सत्य भन्ने प्रश्नका आधारमा ज्ञान वा सत्य पनि सापेक्षित बन्छन् । शक्ति नियन्त्रणकारीका रूपमा केवल नकारात्मक मात्र हुँदैन । यसले हामीमाथि 'नो' भनेर लाद्ने काम मात्रै पनि गर्दैन । यसले आनन्द प्रदान गर्छ, ज्ञान निर्माण गर्छ, विमर्श उत्पादन गर्छ । त्यसैले शक्तिलाई सिङ्गो विमर्शात्मक संरचनाका माध्यमबाट उत्पादनशील सञ्जालका रूपमा बुझ्नु पर्दछ (पाण्डेय, २०७०, पृ.१८४) । सत्ता, सत्य र ज्ञानको सम्बन्धमा चर्चा गर्दै र त्यसले समाजमा पार्ने प्रभावका विषयमा स्पष्ट पार्दै फुकोले आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । उनका अनुसार सत्ताले ज्ञानको निर्माण गर्छ अनि शक्तिका आधारमा त्यसलाई सत्य सावित र स्थापित गर्छ । त्यसकारण सत्यलाई पनि सत्तावादी विमर्शकै रूपमा पहिचान गर्न सकिन्छ । फुकोका विचारमा सत्य शक्तिसँग जोडिएर व्यवस्थामा प्रवाहित

भएको हुन्छ र शक्तिमै अडिएको हुन्छ अनि शक्तिकै प्रभावमा समावेश भएर शासन व्यवस्थाका रूपमा विस्तारित हुन्छ (फुको, सन् १९८०, पृ.१३३) । सत्ता प्राप्त गर्न शक्ति, सत्ता सञ्चालन गर्न शक्ति, शक्तिको आफूअनुकुल प्रयोग गर्न ज्ञान, शक्तिको विस्तार गर्न ज्ञान र ज्ञानलाई वैधता प्रदान गर्न अनि ज्ञानलाई क्रियान्वयन गराउन शक्ति चाहिने हुनाले सत्ता, ज्ञान, शक्ति र सत्यको सम्बन्ध एकआपसमा जेलिएको हुन्छ। त्यसकारण समाजको सत्तामा रहेको वर्गको ज्ञानले सत्यका रूपमा स्थापित हुने अवसर पाउँदा परिधिमा रहेको वर्ग अधीनस्थ अवस्थामा पुग्छ। यस प्रकारको अधीनता र अधीनस्थताको कारणबाट सामाजिक शक्तिसम्बन्धमा असन्तुलन पैदा हुँदा शासक वर्गीय प्रभुत्वको विस्तार भएर सामाजिक जीवनका सबै क्षेत्रमा उक्त वर्गकै वर्चस्व स्थापित हुने हुनाले शासितवर्गको जीवन कष्टकर हुनपुग्छ।

## व्याख्या विश्लेषण

कृष्णप्रसाद चापागाञीद्वारा लेखिएको 'जीवनको मोल' वि.सं. २००८ साल आसपासको सामन्तवादी विमर्शात्मक संरचनाबाट निर्देशित नेपाली समाजको वर्गीय शक्तिसम्बन्धलाई अभिव्यक्त गर्ने कथा हो । यस कथामा लालविरे, घर्तिनी, धितालबाजे, आमा, डल्ले, डाक्टर, पुलिस आदि पात्रहरू रहेका छन् । उल्लिखित पात्रहरूमध्ये धितालबाजे एक मात्र सामन्तव वर्गको पात्र हो भने अरू सबै पात्रहरू श्रमिक वर्गका रहेका छन् । सामन्तवादी विमर्शात्मक संरचनाबाट निर्देशित असन्तुति शक्तिसम्बन्धका कारण यस कथाको श्रमिक वर्गका पात्रहरू लालविरे, उसको बाजे, उसको बाबु र उसको छोरो डल्ले पुस्तौँपुस्तासम्म बाँधा बन्नुपरेको अवस्था छ। यसको प्रमुख कारणका रूपमा समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाबाट निर्देशित शक्ति रहेको छ। उक्त शक्तिलाई प्रयोग गरेर धितालबाजेले लालविरे र डल्ले दुबैलाई दासका रूपमा कज्याएर जीवनभर दमन र शोषण गरेको छ। त्यसकारण यस कथाको समाजमा ज्ञान, शक्ति, सत्य, प्रभुत्व, वर्चस्व आदि सबैको केन्द्रमा धितालबाजे रहेको छ।

### वर्गीय चेतना

पाठमा प्रयोग भएका पात्रहरूका व्यवहार तथा कार्य र विचारहरूबाट उनीहरूमा निहित वर्गीय चेतना अभिव्यक्त हुन्छ। यस कथामा रहेका सामन्त र सर्वहारा वर्गमध्ये सामन्त वर्गमा वर्गीय चेतना सशक्त रूपमा अभिव्यक्त भएको छ भने निम्न वर्गमा उक्त चेतनाले वैयक्तिक सीमा नाघेर वर्गीय स्वरूप धारण गर्न सकेको छैन। यस कथामा निम्न वर्गीय पात्र लालविरेमा भएको चेतनालाई यसरी उल्लेख गरिएको छ :

> बाजे, बाबु यही घरमा मरे । मेरो दाह्रीजुँगा यही घरमा उम्रे, यही घरमा काम गर्दागर्दै फुले । म पनि मर्ने भई बाँच्ने आशा टुट्यो । हुनता साहूको धन नतिरे पुनसूमा बुझाउनु पर्छ भन्छन् तर जिन्दगी त्यसैमा फटाउँदा पनि बाँकी रहन गएको रहेछ भने बरु म साँवाब्याज सबै हिसाब गरी पुनसूमा बुझाउन राजी छु। मेरो ज्युमा रगतको थोपा रहुन्जेल थोपा थोपा गनेर लिनु होला। सानो पिउसो डल्लेलाई ता बाजे छोडिदिनु होला। (पृ.५४-५५)

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट लालविरेको कमजोर वर्गीय चेतना अभिव्यक्त भएको छ। उसको भनाइमा धितालबाजेको परिवारमा उसको तीन पुस्ताले सिङ्गो जीवन बिताउँदा पनि रु.५०। ऋणको भुक्तानी हुन नसकेको र अर्को जन्ममा तिर्ने स्वीकारोक्ति एकातर्फ देखिन्छ भने अर्कातिर सिङ्गै जीवन उसकै बाँधा बनेर बिताउँदा पनि त्यो नसकिएकामा असन्तुष्ट पनि देखिन्छ। उसको स्वीकारोक्ति र असन्तुष्टि दुबैमा उसका व्यक्तिगत विचारहरू

व्यक्त भएका छन् । यी विचारहरू उसले आफ्नो वर्गको कसैलाई सुनाउनसमेत सकेको छैन र उसमा उच्च वर्गले गर्ने यसप्रकारको वर्गीय शोषणको बोधसमेत भएको देखिँदैन । ऊ आफ्नो शरीरमा रगतको एक थोपा बाँकी रहँदासम्म पनि धितालबाजेको ऋण तिर्नमै जीवन खर्चने प्रयासमा देखिन्छ तर छोराले मुक्ति पाओस् भन्ने उसको आग्रह रहेको छ । यसका विपरीत उक्त समाजको केन्द्रीय सत्तामा रहेको सामन्त धितालबाजेमा जीवनबोध, वर्गबोध र भविष्यबोधसमेत रहेको पाइन्छ । लालविरेको मृत्यु सुनिश्चित जस्तै भएका अवस्थामा धितालबाजेले अर्को पुस्तालाई समेत बाँधा बनाउने उद्देश्यका साथ राखेको विचारलाई कथामा यसरी उल्लेख गरिएको छ :

> तिमीहरू हाम्रा पुस्त्यौली पुराना नोकर हौ । हामीले दया नगरे अरू कसले गर्ला । बरु डल्ले र उसकी आमाले मेरो घर छोडे दुख पाउलान । यहाँ बसे खान लाउन उनीहरूले खोजमेल गर्न पर्दैन । काम ता बाहिरफेरको एकोहोरो ठालोमेलो न हो । बाबुका पालादेखिको पुरानो तँ एउटा थिइस् । तँ गए पनि छोरो भए मलाई पनि तेरो सम्झौटो मेटिएला । (पृ.५५)

धितालबाजेको यस भनाइले उसमा यथास्थितिमै रहने चेतना व्यक्त भएको छ । उसको विचारमा परम्पराबाट जुन परिवार मालिक र जुन परिवार नोकर बन्दै आयो त्यो यथावत नै रहनु पर्छ । नोकरका सन्तान दरसन्तानलाई नोकर बनाएर ऊ दया देखाउन चाहन्छ । नोकरका परिवारले मालिकको घर छोडे दुख पाउने डर देखाउँदै अर्को पुस्तालाई पनि खाने र लाउने कुराको आसमा लोभ्याएर बाँधा अवस्थामै राख्न चाहन्छ । उसका भनाइमा काम गरेको केही होइन तर खाने र लाउने कुरा ठुलो हो । यस विचारका माध्यमबाट धितालबाजे लालविरेको परिवारको आजीवन श्रमशोषण गर्न चाहन्छ भन्ने मात्र स्पष्ट नभएर श्रमिक वर्गको मुक्ति असंभव नै छ भन्नेसमेत प्रस्ट भएको छ । धितालबाजेलाई लालविरेको मृत्युभन्दा पनि आफ्ना लागि नोकरको आवश्यकता ठुलो भएको छ । यसले उच्च वर्गका लागि निम्न वर्गको जीवन मानवीय संवेदनासँग जोडिने चिज नभएर प्रयोगको वस्तु बनेको स्पष्ट हुन्छ । ऊ लालविरेको छोराको बालापन, नयाँ घर, नयाँ मालिक आदिको जोखिम देखाएर अर्को पुस्तालाई समेत बाल्यकालदेखि नै बाँधा बनाउने वा परम्परागत बाँधावस्थाबाट मुक्ति नदिने गम्भीय षड्यन्त्रकारी भूमिकामा उत्रिएको सहजै देख्न सकिन्छ । यी सबै तथ्यहरूले यस कथाको उच्चवर्गमा आफ्नो वर्गीय हितको सुरक्षा गर्नसक्ने वर्गीय चेतनाको विकास भएको देखिन्छ । मालिकको यसप्रकारको योजनामा लालविरे सचेत छ तर उसको चेतना केवल आफैमा मात्र सीमित रहेकाले कमजोर छ । धितालबाजेको षड्यन्त्रलाई उसले बुझेको भए पनि उक्त जालो छिनाउन सक्ने योजना वा चिन्तन उसँग छैन । लालविरे धितालको योजनामा असहमत छ तर ऊ मृत्युशैयामा भएको हुनाले यसले निर्णायक स्थान लिन सकेको छैन । धितालबाजेको विचारलाई अस्वीकार र स्वीकार दुबै गर्दै लालविरेले राखेको विचारलाई कथामा यसरी उल्लेख गरिएको छ : "हजुरको घर छोडे सायद दुखमाथि दुख थपिएला । तर बाँधाको बन्धन त फुक्ने छ बाजे । हो तेरो वंशलाई यसैले बाँधेर लडाउँछु भन्नुहुन्छ भने पनि तपाईंको खुश । मेरो केही जोड चल्दैन । सहनै हामी पैदा भएका रहेछौँ, सहने नै छौँ "। (पृ.५६) कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट लालविरेले बाँधा भएर पाउने सुखभन्दा फुक्का भएर पाउने दुख रोजेको छ तर उसको रोजाइ धितालबाजेकै स्वेच्छामा अडिएको स्वीकार गरेको छ । ऊ आफू वा आफ्नो सन्तानले सङ्घर्ष गरेर बाँधावस्थाबाट मुक्ति प्राप्त गर्न संभव छ भन्ने थाहै पाउँदैन । उसले आफ्ना बाध्यता, कमजोरी अनि विवशतालाई मात्र बुझेको छ, शक्तिलाई चिनेकै देखिँदैन । बाल्यकाल, जवानी र मृत्युका अवस्थासम्म पनि सहनै पर्ने विवशताको बोध नै उसको चेतनाको सीमा बनेको छ ।

'जीवनको मोल' कथामा रहेको उच्च वर्गको पात्रमा वर्गीय चेतना स्पष्ट भएको हुनाले उक्त वर्गको हित सुरक्षित रहेको छ भने निम्न वर्गमा वर्गीय चेतना स्पष्ट नभएकै कारण उनीहरूको वर्गीय हितको सुरक्षा हुन सकेको छैन । त्यसकारण निम्न वर्गले आफूमाथि भएको अन्यायको बोध गरेर प्रतिरोध गर्दा पनि उक्त प्रतिरोध सफल हुन सकेको छैन । वर्गीय चेतना आफैमा एउटा निर्णायक शक्ति हो । त्यसकारण जोसँग शक्ति छ, जित उसैको हुने नै भयो । यस कथामा रहेका उच्च र निम्न वर्गमा शक्तिसम्बन्धको असन्तुलित अवस्था स्पष्ट रूपमा देखिन्छ । त्यसो हुनाले तत्कालीन समाजमा विद्यमान सामन्तवादी ढाँचाको विमर्शात्मक संरचनामा भएको शक्तिलाई उपयोग गरी यस कथाको उच्च वर्गले निम्न वर्गमाथि पुस्तौँपुस्तासम्म शासन गर्न सकेको प्रस्ट हुन्छ ।

**वर्गीय सम्बन्ध**

समाजमा उच्च र निम्न दुबै वर्गका मानिसहरू आआफ्नो भूमिकामा निरन्तर क्रियशील रहन्छन् । जीवन सञ्चालनका क्रममा यी दुबै वर्गका बिचमा आपसी सम्बन्धको निर्माण, विनिर्माण र पुनःनिर्माणको चक्र सधैँ घुमिरहन्छ । यसक्रममा आपसी सम्बन्धले मित्रता र शत्रुताको स्वरूप धारण गर्नु सामान्य नै हुने भए पनि अधिकाशंतः वर्गीय सम्बन्ध शत्रुतापूर्ण नै हुन्छ । यसप्रकारको सम्बन्ध उनीहरूका विचार, कार्य तथा व्यवहारबाट प्रकट भएको हुन्छ । यस कथामा धितालबाजे र लालविरेका बिचमा भएको वर्गीय सम्बन्धलाई उनीहरूका व्यवहारले यसरी प्रकट गरेको छ : "साहूबाजे खुशी भई रिझिएका दिनमा ऊ आफ्नो छोराको भावी जिन्दगीको भिख माग्न साहस गर्थ्यो । धेरै चोटि आँटे पनि डराइ डराइ कहिलेकाहीं मात्र यसो कुराको सिलसिलाबाट भनीटोपल्थ्यो, कहिले साहूबाजेले कुरै बुझ्दैनथे कैले सुन्या नसुन्यै हुन्थे" । (पृ.५३) यहाँ लालविरेले छोराको जीवनको भिख माग्न पनि मालिक खुसी भएको समय कुर्नु परेको छ, डराउनु परेको छ भने धितालबाजेले नबुझ्ने र सुन्या नसुन्यै गर्ने छुट पाएको छ । धितालबाजे कुनै पनि हालतमा लालविरेको छोरालाई बाँधावस्थाबाट मुक्ति दिने पक्षमा देखिँदैन । यसले यी दुई वर्गका बिचमा वैरभावपूर्ण सम्बन्ध रहेको देखाउँछ । यस प्रकारको यो सम्बन्धले लालविरेको परिवारलाई सधैँ सीमान्तीकृत अवस्थामै थिचेर राखेको स्पष्ट हुन्छ । उनीहरूका बिचको शत्रुतापूर्ण सम्बन्धलाई लालविरे विरामी परेर उठ्नै नसकेका अवस्थामा धिताल बाजेले भनेको अर्को सम्बन्धले पनि स्पष्ट पारेको छ : "क्या हो ? आज किन गैरा बारीमा गोरु ननार्या ? साँधमा सबैले छरे गाउँको साहू रे ! झन कस्तो लाजमर्नु ? बरु नसके विस्तार विस्तार जोत्लास् गोरु ता नार" (पृ.५४) । यहाँ आफूले नसकेका अवस्थामा पनि मालिकको जमिन जोत्नै पर्ने आदेशले लालविरे दबाब र तनावमा परेको छ । मालिकलाई लालविरेको जीवनभन्दा आफ्नो लाज ठुलो भएको छ । लालविरे अझै पनि आफ्ना विचारमा बलियोसँग अडिएको पाएपछि धितालबाजेले भनेको कुरालाई कथामा यसरी उल्लेख गरिएको छ : "मेरो घर छोड्दैमा तेरो छोरो मुक्तै हुन्छ भने भै गो, छोडिदिनै पर्ला । माया दोहोरो चाहिन्छ, एकोहोरोले के गर्ने ? तर हेर, काट्ने छोरो र फाल्ने धन कसैको हुँदैन । तँसँगको बाँकी तमसुकी रुपियाँ म कोसित उठाऊँ ? देखाइदे ठाउँ, तेरो छोरालाई अहिले नै छोडिदिन्छु "(पृ.५६) । धितालबाजेको यस भनाइमा एकातिर उसको वर्गीय अहङ्कार प्रस्तुत भएको छ भने अर्कातिर उसले आफ्नो भनिएको पैसाको बन्धनमा डल्लेलाई सधैँ बाँधा बनाउन चाहेको स्पष्ट हुन्छ । यसले पनि यी दुई भिन्न वर्गका बिचमा शत्रुताको सम्बन्ध विकास गरेको छ ।

'जीवनको मोल' कथामा रहेका सामन्त र श्रमिक दुई वर्गका पात्रका बिचमा शोषक र शोषितको वर्गीय सम्बन्ध रहेको छ । यसले निम्न वर्गलाई विमर्शात्मक संरचनामा रहेको शक्तिको प्रयोग गरी सधैँ सीमान्तीकृत अवस्थामै सीमित गर्न चाहेको छ भने निम्न वर्ग कुनै पनि हालतमा मुक्तिको खोजीमा रहेको छ । त्यसकारण प्रत्यक्ष वा

परोक्ष ढङ्गबाट वर्गसङ्घर्षले निरन्तरता पाएका अवस्थामा वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ। यसले वर्गीय शक्तिसम्बन्धमा असन्तुलन आई निम्न वर्गको जीवन सधैँका लागि अधीनस्थ अवस्थामा पुगेको छ।

**वर्गीय विभेद, दमन र शोषण**

वर्गीय समाजमा उच्च वर्गले निम्न वर्गलाई अधिकार खोसेर, खानपानबाट विमुख गराएर, सामाजिक वञ्चितीकरणमा पारेर, ज्ञान र शक्तिबाट विमुख गराएर विभेद गरेको हुन्छ। त्यसैगरी अवसरहरूमा सहभागी हुनबाट रोकेर, कमजोर अवस्थामा प्रहार गरेर अनेक ढङ्गबाट दमन र शोषण गरेको पाइन्छ। यस कथामा पनि यहाँको सामन्त वर्गले यिनै विविध कार्यहरू गरेको छ। डल्लेकी आमा विरामी पर्दाको अवस्थामा धितालबाजेले गरेको विभेदलाई कथाकारले यसरी उल्लेख गरेका छन् : "ज्युमा रोग लागेर एकदिन काम गर्न नसक्दा ढिँडोको डल्लाको ता भाग नलाग्ने घरमा औषधि र अरू पथपरेजको ता के आशा ? डल्लेको भाग बाँडिचुँडी खाए " (पृ.५८) । आजीवन धितालबाजेको काममा अर्पेकी डल्लेकी आमाले विरामी परेर एकदिन मात्र काम गर्न नसक्दा धितालबाजेले ढिँडोको गाँस खोसेको छ। जीवनभरि सेवा गरेको व्यक्तिलाई औषधि उपचार त कता हो कता, आरामको कुरासमेत नगरेर उल्टै गाँस खोसेको छ। यस्तै अवस्थामा आफ्नो छोरो विरामी पर्दा भने उसले डल्लेलाई नै औषधि किन्न पठाएको थियो । यी दुबै मानिस नै हुन् तर धितालबाजेले यी दुईका बिचमा विभेद गरी वर्गीय चरित्र प्रस्तुत गरेको छ। त्यसमाथि पनि अझ डल्लेकी आमा सिकिस्त विरामी परेर औषधि किन्नका लागि पैसा माग्दा उसले भनेका कुराले वर्गीय विभेदको चरम अवस्थालाई देखाउँछ :

> के रे औषधि गर्न पैसा छैन। हरे राम, अब ता यस्तो कुरा पनि सुन्न पर्‍यो। आफू ता टाँडा, कुट्टा भाराँ हैन। एक पेट पाल्न नसकेर अर्काको शरण लिनुपर्ने जीवन पाएका मानिसलाई फेरि बाँच्न औषधिको टेका ? तिमीहरू त मर्नु नै बाँच्नु हो। जा पैसा छैन। खेत जोत्न जा। बाँच्नु लेखेको रहेछ भने ज्वर त्यसै निको हुन्छ। (पृ.६०)

यस कथनका माध्यमबाट सामन्त धितालबाजेको विभेदकारी अन्यायी चरित्र उदाङ्ग भएको छ। निम्न वर्गले उपचार गर्ने कुरा नै उसका लागि अचम्मको विषय बन्छ। जसले जीवनभर मात्र होइन चार पुस्तादेखिको रगतपसिनाले धिताल परिवारलाई बचाएको छ, उसैलाई आफूले शरण दिएको बताउँछ। त्यति मात्र होइन आमा सिकिस्त विरामी पर्दासमेत डल्लेलाई जोत्न जाने आदेश दिएर दबाब र तनाव सिर्जना गरेको छ। आफ्नो छोरालाई औषधि किन्न डल्लेलाई नै पठाउने धितालबाजे डल्लेकी आमा विरामी पर्दा भाग्यसँग जोडेर विभेद गर्न पुग्छ। वर्गीय विभेद र दमनशोषणको यस प्रकारको अन्यायलाई सहन नसकेपछि डल्लेले प्रतिरोधस्वरूप गरेको कार्यलाई कथामा यसरी देखाइएको छ :

> आमाको त्यो पिल्पिलाउँदो ज्वरले ग्रस्त पारेको चेहेरा उसका अगाडि नाचिरहेको थियो। अब बड्ता सहन सकेन। मालिक र घर दुबैको डर छोड्यो। मालिकको छोरो विरामी हुँदा औषधि लिन उही नै गएको थियो। चट्ट सो ठाउँ सम्झ्यो। आशाको पासामा मस्किँदै ऊ त्यहाँबाटै सहरतिर उक्ल्यो। सहर वहाँबाट पूरा चार कोस थियो। (पृ.६१)

यहाँ डल्लेले मालिकको अन्याय र विभेदका विरुद्धमा प्रतिरोध गरेको छ। आमाको उपचारका लागि उसले मालिकको आज्ञाको अवज्ञा गरेर खेतमै गोरु छोडी औषधि किन्नका लागि पूरा चार कोसको बाटो तय गरेको छ।

मालिकको छोराले उपचार पाउने तर आफ्नी आमाले त्यसै मर्नुपर्ने अवस्थाप्रति उसले प्रतिरोध जनाएको छ ।

लालविरेको परिवारले जम्मा ५० रुपैयाँ ऋण लिएको साँवा ब्याज चार पुस्ताले आजीवन श्रम दिँदा पनि तिरिन सकेको छैन । ऋणको ब्याज तोक्ने, हिसाब मिलाउने अनि श्रमको ज्याला तोक्ने सबै अधिकार धितालबाजेमै केन्द्रित रहेको छ । त्यसकारण यस कथामा शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । उक्त अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ :

> हुनता विचराले धितालबाजेसँग ५० रुपैयाँ मात्र कर्जा खाएको थियो । त्यो पनि सबै यसैले मात्र लिएको पनि हैन, बाबुको पालाको बाँकी ३० यसले लिएको ता १५। घ्यू खानी ५। समेत गरी २०। जम्मा ५० पुग्न गएको हो । त्यो ३० कट्टा गर्न लालविरेको बाबुले घाम पानी नभनी रातोदिन काममा घोटिँदै जीन्दगीभर धितालबाजेको नै पिँढी कुच्यो । तर विचाराले फर्साउन नसकेकाले बाबुले थापेको पासोमा छोरो पनि बल्झियो । लालविरेले पनि उम्कन निक्कै मेहेनत गरेको हो तर मासिक कट्टा चाहिँ ब्याजमा मात्रै घटेकाले साहु बाजेको साउँलाई घुन पुतली लगाउन सकेन । (पृ.५२-५३)

कथामा प्रस्तुत गरिएको यस सन्दर्भका माध्यमबाट निम्न वर्गमाथिको पुस्तागत शोषणको अवस्था उल्लेख गरिएको छ । लालविरेको परिवारले चार पुस्ताको रगतपसिना बुझाउँदा पनि सधैँ बाँधा बन्नुपर्ने वाध्यताको परिस्थिति निर्माण हुनुमा उक्त समाजको विमर्शात्मक संरचनाको शक्ति मुख्य कारण भएको छ । त्यही शक्तिको उपयोग गरेर आमा मरेकै समयमा धितालबाजेले पुलिस लगाएर डल्लेलाई जेल पठाएको छ । यसरी धितालबाजेको परिवारले लालविरेको बाजे, बाबु, श्रीमती र उसकै जीवन समप्त पारेको छ भने डल्लेलाई जेलको कालकोठरीमा कज्याएको छ ।

सामन्त धितालबाजेले यस कथामा तत्कालीन सामन्तवादी विचारधाराका सापेक्षतामा निर्मित विमर्शात्मक संरचनाको शक्तिलाई एकलौटी रूपमा प्रयोग गरी निम्न वर्गीय परिवारमाथि विभेद, दमन र शोषण गरेको छ । यसक्रममा सामन्त वर्गद्वारा विरामी अवस्थामा गाँस खोसेर, औषधोपचारको मौका नदिएर, श्रमको अवमुल्यन गरेर, चर्को ब्याज लगाएर, विरामी आमालाई रेखदेख गर्न नदिएर, प्रशासनको शक्तिको दुरुपयोग गरेर, पुस्तौँपुस्ता बाँधा बनाएर आदि अनेक ढङ्गले विभेद, दमन र शोषणलाई पराकाष्ठामा पुऱ्याइएको छ ।

## निष्कर्ष

'जीवनको मोल' कथा २००८ सालको नेपाली समाजमा रहेको सामन्तवादी व्यवस्थाका सापेक्षतामा निर्मित र स्थापित विमर्शात्मक संरचनाद्वारा निर्देशित छ । यसप्रकारको शक्तिलाई प्रयोग गरेर उच्च वर्गले निम्न वर्गमाथि गरेको अन्याय र अत्याचारलाई प्रमुख विषय बनाई लेखिएको छ । यस कथाको उच्च वर्गमा वर्गीय चेतना सशक्त रहेको हुनाले उक्त वर्गको हित सुरक्षित रहेको छ भने निम्न वर्गमा वर्गीय चेतना कमजोर भएकै कारण सो वर्गको हित हुन सकेको छैन । उच्च वर्गले आफूसँग भएको ज्ञान, शक्ति र चेतनालाई निम्न वर्गको दमनका लागि प्रयोग गरेको हुनाले वर्गीय सम्बन्धमा शत्रुतापूर्ण अवस्थाको सिर्जना भएको छ । यिनै कारणहरूले गर्दा यस कथाका निम्न वर्गका पात्रहरू लालविरेका हजुरबादेखि छोरासम्मका चार पुस्ताले विभिन्न ढङ्गले गरेका प्रतिरोधहरू विफल हुँदा उनीहरूको जीवन अधीनस्थ अवस्थामै सीमित भएको देखिन्छ ।

यस कथाभित्रको समाजमा भएका उत्पादनका सबै साधनहरूमाथि सामन्त वर्गको वर्चस्व रहेको हुनाले निम्न वर्गको श्रमको मुल्य निर्धारण गर्ने अधिकार पनि उसकै कब्जाभित्र पुगेको छ । यसै कारणले निम्न वर्गलाई ऋण दिने, नदिने,

ब्याज तोक्ने र हरहिसाब राख्ने अधिकार पनि स्वतः उच्च वर्गभित्रै सीमित भएको छ। स्थानीय सत्ताको सञ्चालन गर्ने पूर्णाधिकार भएको सामन्त वर्गकै मात्र पहुँचभित्र केन्द्रीय सत्तासमेत रहेको हुनाले निम्न वर्ग सधैँ अधीनस्थ छ। सत्तासम्बन्धभित्रको एकाधिकारकै कारण सामाजिक न्याय, ज्ञान, सत्य र शक्तिमा समेत सामन्त धितालबाजेको प्रभुत्व विस्तार भएको छ। त्यसकारण उक्त समाजको वर्गीय अवस्थाले अधीनता र अधीनस्थताको स्वरूप धारण गरेको छ। यसरी सबै क्षेत्रबाट निम्न वर्गलाई परास्त गर्ने कार्यका लागि उच्च वर्गले विमर्शात्मक संरचनाबाट निर्मित र प्रशारित शक्तिलाई हतियारका रूपमा प्रयोग गरेको देखिन्छ। त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बमा असन्तुलन पैदा भएको छ र उक्त असन्तुलित शक्तिसम्बन्ध नै वास्तवमा निम्न वर्गको दुखको कारण र सामाजिक उत्थानको वाधक हो भन्ने निष्कर्ष प्राप्त भएको छ।

**सन्दर्भसूची**


अग्रवाल, नवीन नारायण (सन्. १९६७). *राजनीतिक विज्ञान के मूल सिद्धान्त.* हिन्दी माध्यम मण्डल, दिल्ली विश्वविद्यालय।

कोइराला, नरेन्द्रप्रसाद (२०८१). *यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय।

गौतम, कृष्ण (२०७१). *उत्तरसिद्धान्त, काठमाडौँ.* भृकुटी एकेडेमिक पब्लिकेसन्स।

चापागाईँ, कृष्णप्रसाद (२००८). *टुक्रटाक्री.* जोरगणेश छापाखाना।

चैतन्य (२०७०). समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन. *भृकुटी, १९*, १४३–१६५।

तोमर, रामविहारी सिंह (सन्. १९७३). *सामाजिक विघटन.* दत्त बन्धु प्रा.लि।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन।

भुसाल, वेदुराम (२०५९). दर्शनशास्त्र परिचय. *बुधबार साप्ताहिक।*

लेनिन (सन् १९८५). *सङ्कलित रचनाएँ भाग* ५. रादुगा प्रकाशन।

शर्मा, बालकृष्ण (२०७२). *पारिजातका कथाको सांस्कृतिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा सबाल्टर्न.* डिस्कोर्स पब्लिकेसन।

Foucault, M. (1980). *Power/ Knowledge.* New York : Pantheon Books.

Gramsci, A. (2010). *Seliction from the Prison Notebooks*. Orient Blackswamn Private Limited.